भोटेकोशी गाँउपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

फुल्पिङकट्टी, सिन्धुपाल्चोक

३ नं प्रदेश, नेपाल

## सेवा करारमा कर्मचारी पदपुर्ति गर्ने सूचना

**प्रथम पटक प्रकाशित मिति : ०७७/०६/०९**

यस गाउँपालिकाको सेवा सन्चालनको लागि आ.व. २०७७/०७८ को स्वीकृत कार्यक्रम बमोजिम तपशीलमा उल्लेखित कर्मचारीहरू सेवा करारमा पदपुर्ति गर्नु पर्ने भएकोले प्रचलित कानुनद्वारा अयोग्य नभएका नेपाली नागरीकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस गाउँपालिकाको नाममा रहेको नेपाल बंगलादेश बैंक लि. तातोपानी शाखाको आन्तरिक राजस्व खाता नं ०९२०००१३४१ मा परीक्षा दस्तुर वापतको रकम जम्मा गरी सोको भौचरको प्रतिलिपी सहित लोकसेवा आयोगबाट स्वीकृत दरखास्त फाराम भरी आवश्यक शैक्षिक योग्यताका प्रमाणपत्र संलग्न राखी ito.bhotekoshimun@gmail.com मार्फत दरखास्त दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं | विज्ञापन नं | पद | माग संख्या | नियुक्तको किसिम | परीक्षा दस्तुर | न्युनतम योग्यता |
|---|---|---|---|---|---|---|
| १ | ३/०७७/०७८ | स्टाफ नर्स/अ.न.मी | ४ जना | करार | ५०० | • मान्यता प्राप्त शिक्षण संस्थाबाट स्टाफ नर्स वा अ.न.मी उत्तीर्ण गरी नेपाल नर्सिङ काउन्सीलमा दर्ता तथा नवीकरण भएको हुनु पर्नेछ ।<br>• SBA तालीम लिएकालाई विषेस प्राथमिकता दिईने छ ।<br>• पुरुष उमेद्वारको हकमा १८ वर्ष पूरा भई ३५ बर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पुरा भई ४० ननाघेका। |
| २ | ४/०७७/०७८ | हे.अ/अ.हे.व | ५ जना | करार | ५०० | • मान्यता प्राप्त शिक्षण संस्थाबाट हे.अ वा अ.हे.व उत्तीर्ण भई नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता तथा नविकरण भएको हुनु पर्नेछ।<br>• पुरुष उमेद्वारको हकमा १८ वर्ष पूरा भई ३५ बर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पुरा भई ४० ननाघेका। |
| ३ | ५/०७७/०७८ | कानुनी सल्लाहकार | १ जना | करार | १००० | • कानुनमा स्नातक उपाधी हासील गरी अधिवक्ताको लाईसेन्स प्राप्त पश्चात ३ वर्ष सम्म वकालत गरेको ।<br>• २१ वर्ष उमेर पुरा भई ४५ बर्ष ननाघेको । |
| ४ | ६/०७७/०७८ | प्रेश सल्लाहकार | १ जना | करार | ७०० | • पत्रकारिता विषयमा प्रवीणता प्रमाण पत्र तह उत्तीर्ण गरी ३ बर्षसम्म राष्ट्रिय स्तरको एफ.एम. रेडियो वा टेलिभिजन वा राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कार्य गरेको हुनुपर्नेछ।<br>• २१ वर्ष पुरा भई ४५ बर्ष ननाघेको । |

- परीक्षाको किसिम : गाउँपालिकाबाट स्वीकृत सेवा करारमा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि २०७५ बमोजिम हुनेछ ।
- तलब स्केल : नेपाल सरकारले तोके बमोजिम हुनेछ ।
- आवेदन दिने अन्तिम मिति : २०७७/०६/२३ गते सम्म ।

दरखास्त दिदा पेश गर्नुपर्ने कागजातहरू :

- नेपाली नागरीकताको प्रतिलिपी ।
- आवश्यक न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि ।
- SBA तालीम लिएको भए तालीम लिएको प्रमाणपत्रको प्रतिलिपी।
- कार्य अनुभवका प्रमाणपत्रहरूको प्रतिलिपी ।
- कानुनी सल्लाहकार र प्रेस सल्लाहकारले गाउँपालिकाका बाट स्वीकृत कानुनी तथा प्रेश सल्लाहकार व्यवस्थापन सम्बन्धी कार्यविधि-२०७६ बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत